# आकाशवाणी समाचार- नेपाली
# मितिः २० जून २०२६
# समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## <u>प्रमुख समाचार</u>

- प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि ओडिशा र पश्चिम बंगालको भ्रमणमा जानु  हुनेछ।

- केन्द्रीय गृहमन्त्री अमित शाह आजदेखि कोल्हापुर र इचलकरंजीको भ्रमणमा हुनुहुन्छ, उहाँले महालक्ष्मी मन्दिर परिसरमा विभिन्न विकास कार्यहरूको उद्घाटन गर्नु हुनेछ ।

- विदेशमन्त्री एस. जयशंकरले देशमा पासपोर्ट सेवाहरू अब छिटो, सुरक्षित र सबैका लागि सजिलै पहुँचयोग्य भएको बताउनु भएको छ।

- भारतीय प्रतिभूति तथा विनिमय बोर्ड (SEBI) ले बजार दक्षता बढाउन, अनुपालनलाई सहज बनाउन र नियामक ढाँचालाई सुदृढ पार्न धेरै सुधारहरूलाई मन्जुरी दिएको  छ।

- फिफा विश्वकपमा अमेरिकाले अष्ट्रेलियालाई २-० ले पराजित गर्दै  नकआउट चरणमा प्रवेश गरेको छ।

### <u>पीएम – ओड़िशा-बंगाल भ्रमण</u>

प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि ओडिशा र पश्चिम बंगालको भ्रमणमा जानु  हुनेछ। ओडिशामा, उहाँले राष्ट्रपति द्रौपदी मुर्मुलाई उहाँको ६८ औं जन्मदिनमा मयूरभञ्ज जिल्लाको पहाडपुर गाउँमा भेट्नुहुनेछ। राष्ट्रपति र प्रधानमन्त्रीले पहाडपुरको पवित्र प्राकृतिक स्थल सन्थाली जहेरा र हो जहेरामा प्रार्थना गर्नुहुनेछ। उहाँहरूले कौशल केन्द्र र पहाडपुर स्कूलको पनि भ्रमण गर्नु हुनेछ। त्यसपछि राष्ट्रपति र प्रधानमन्त्रीले मयूरभञ्ज जिल्लाको रैरंगपुरमा मोहन चरण माझी सरकारको दुई वर्ष पूरा भएको उपलक्ष्यमा आयोजित कार्यक्रममा भाग लिनुहुनेछ। कार्यक्रमको क्रममा, उनीहरूले ४७ हजार करोड रुपियाँभन्दा बढी मूल्यका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नेछन्। यी परियोजनाहरूमा ऊर्जा, औद्योगिक पूर्वाधार, सडक सम्पर्क, पिउने पानी, स्वास्थ्य, शिक्षा, पर्यटन र सिँचाइ समावेश छन्। पश्चिम बंगालको आफ्नो दुई दिवसीय भ्रमणको क्रममा, प्रधानमन्त्री नरेन्द्र मोदीले हुगली जिल्लाको तारकेश्वरमा पश्चिम बंगाल दिवस समारोहमा भाग लिनुहुनेछ। उहाँले राज्यमा विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। श्री मोदीले प्रधानमन्त्री किसान सम्मान निधि योजनाको 23 औं किस्ता पनि जारी गर्नुहुनेछ, जसमा 44 लाख किसानहरूको ब्याङ्क खातामा 18 हजार 8 सय 80 करोड रूपियाँभन्दा भन्दा अधिक राशी हस्तानन्तरण गर्नु हुनेछ। उहाँले पश्चिम बंगालमा प्रमुख केन्द्रीय कृषि योजनाहरू पनि लागू गर्नुहुनेछ, जसमा प्रधानमन्त्री फसल बीमा योजना, डिजिटल कृषि अभियान अन्तर्गत एग्रीस्ट्याक, र प्रधानमन्त्री धन धन कृषि योजना समावेश छन्।भोलि, प्रधानमन्त्री कोलकातामा अन्तर्राष्ट्रिय योग दिवस समारोहमा भाग लिनुहुनेछ। योग दिवस कार्यक्रम बिहान ६ बजेर ३० मिनटमा सुरु हुनेछ। श्री मोदीले कोलकाताको श्यामा प्रसाद मुखर्जी बन्दरगाहमा तीन स्वदेशी निर्मित नौसेना जहाजहरू आईएनएस दुनागिरि, आईएनएस संशोधक अनि आईएनएस अग्रय - को सुरुवात गर्नुहुनेछ।

**<u>शाह- कोल्हापुर</u>**

केन्द्रीय गृहमन्त्री अमित शाह आजदेखि कोल्हापुर र इचलकरंजीको भ्रमणमा हुनुहुन्छ। उहाँले महालक्ष्मी मन्दिर परिसरमा विभिन्न विकास कार्यहरूको उद्घाटन गर्नु हुनेछ र मन्दिर क्षेत्रमा पश्चिमी महाराष्ट्र मन्दिर विकास योजना अन्तर्गत चलिरहेका विकास परियोजनाहरूको समीक्षा गर्नु हुनेछ। श्री शाहले कोल्हापुरको पुलिस परेड मैदानमा एक सार्वजनिक सभालाई सम्बोधन गर्नु हुनेछ। त्यसपछि, उहाँले इचलकरंजीमा जनता सहकारी ब्याङ्कको नयाँ भवनको उद्घाटन गर्नु हुनेछ र सहकारी चिनी कारखानाको नाम परिवर्तन र विस्तारको अवसरमा आयोजित कार्यक्रममा भाग लिनु हुनेछ। केन्द्रीय गृहमन्त्रीले इचलकरंजीको कल्लप्पान्ना अवडे टेक्सटाइल पार्क मैदानमा किसानहरूको भेलालाई पनि सम्बोधन गर्नु हुनेछ।

**विदेशमन्त्री- पासपोर्ट**

विदेशमन्त्री एस. जयशंकरले देशमा पासपोर्ट सेवाहरू अब छिटो, सुरक्षित र सबैका लागि सजिलै पहुँचयोग्य भएको बताउनु भएको छ। नयाँ दिल्लीमा क्षेत्रीय पासपोर्ट अधिकारीहरूको वार्षिक सम्मेलनलाई सम्बोधन गर्नु हुँदै उहाँले पासपोर्ट सेवाहरू अब देशको दुर्गम भागहरूमा पनि पुग्दै गरेको बताउनु भएको छ। विदेशमन्त्रीले यो परिवर्तन डिजिटल शासनको सफलताको प्रमाण भएको बताउनु भयो। उहाँले थप भन्नु भन्नु भयो, भारतको विदेश नीतिले देशलाई विश्व मित्रको रूपमा स्थापित गरेको छ। यस कारणले गर्दा, भारतीय पासपोर्टलाई विश्वभर सम्मान र विश्वासको साथ हेरिन्छ।

BYTE

**<u>जयशंकर - भारत-अमेरिका फोरम</u>**

विदेशमन्त्री डा. एस. जयशंकरले अस्थिर विश्वव्यापी परिवेशमा भारतले आफ्नो राष्ट्रिय हित, रणनीतिक स्वायत्तता र बहुध्रुवीयतालाई अगाडि बढाउँदै भौगोलिक रूपमा विविध देशहरूसँगको सम्बन्धलाई बलियो बनाउनुपर्नेमा जोड दिनु भयो। हिज साँझ नयाँ दिल्लीमा भारत-अमेरिका फोरम २०२६ मा बोल्नु हुँदै डा. जयशंकरले दुवै देशले सामना गरिरहेका मुद्दाहरू र जटिलताहरूलाई सम्बोधन गर्दै विभिन्न क्षेत्रहरूमा बढ्दो भारत-अमेरिका साझेदारीको बारेमामाथि प्रकाश पार्नु भयो। उहाँले भन्नु भयो, भारतको उदय हुँदै जाँदा, यसको हित पनि विस्तार र विविधीकरण हुनेछ।

**<u>विवेक अग्रवाल - एफएटीएफ</u>**

वरिष्ठ नौकरशाह विवेक अग्रवाल वर्ष 2026-27 को लागि वित्तीय कार्य टास्क फोर्सको उपाध्यक्षमा चयनित हुनुभएको छ। उहाँले बेलायतका **गाइल्स थॉमसन**को स्थान लिनेछन् । श्री अग्रवाल हाल संस्कृति मन्त्रालयका सचिव हुन् । उहाँले वित्तीय कार्रवाई कार्य बलमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नु भएको छ र धनशोधन तथा आतङ्कवादी वित्तपोषण रोक्न वैश्विक संस्था  सित महत्वपूर्ण भूमिका निभाउनु भएको छ। 17 देखि 19 जून जुन सम्म बसेको कार्यदलको पूर्ण बैठकमा यस्तो निर्णय गरिएको हो । विदेश मन्त्रालयले श्री अग्रवालको चयनलाई भारतका लागि ठूलो जित बताएको छ । मन्त्रालयले सामाजिक सञ्जाल पोष्टमा भनेको छ, 'यो नियुक्तिले आतङ्कवादी वित्त पोषण र अवैध वित्तीय नेटवर्क विरुद्ध लड्ने भारतको प्रतिबद्धतालाई बलियो बनाएको छ। कार्यदलमा भारतीय शिष्टमंडलको पूर्वप्रमुखको हैसियतले उनको अनुभवले संस्थाको क्षमता थप सुदृढ हुने मन्त्रालयले जनाएको छ । कार्यबलको पूर्ण बैठकले धनशोधन र आतङ्कवादी गतिविधिहरूलाई वित्त पोषण गर्ने प्रयासहरूको समीक्षा गरेको छ । बोस्निया, हर्जगोभिना र इराकमा निगरानी बढाउने र अल्जेरिया र नामिबियालाई टास्क फोर्सको ग्रे लिस्टबाट हटाउने निर्णय पनि गरिएको छ । श्री **गाइल्स थॉमसनलाई** कार्यबलको अघिलो अगला अध्यक्ष नियुक्त गरिने निर्णय भएको छ । उहाँले मैक्सिकोकी **एलिसा डी एंडा मद्राज़ो को** स्थान लिनेछन्।  वित्तीय कार्रवाई कार्यबल धन शोधन अनि आतंकवादको लागि धन उपलब्ध गराउन माथि अंकुश लगाउने मानक वैश्विक संस्था हो । भारत 2010 देखि कार्यबलको सदस्य रहेको छ ।

**<u>सर्वोच्च न्यायालय-बैंक धोखाधडी</u>**

सर्वोच्च अदालतले ब्याङ्कहरू, सम्पत्ति पुनर्निर्माण कम्पनीहरू र ऋणी लिने व्यक्तिहरू बीचको जालसाझमा गम्भीर चिन्ता व्यक्त गरेको छ। अदालतले खराब ऋण समाधान गर्ने विधिमाथि पनि प्रश्न उठाएको छ। मुख्य न्यायाधीश सूर्य कान्त र

न्यायाधीश वी. मोहन सम्मिलित पीठले ब्याङ्कहरूले करदाताहरूको पैसा ऋण दिइरहेका छन्, तर प्रभावकारी असुली उपायहरू अपनाइएको छैन भनी बताएको छ। सार्वजनिक कोषको दुरुपयोगमा गम्भीर चिन्ता व्यक्त गर्दै अदालतले यो रकम सार्वजनिक कल्याणको लागि प्रयोग गरिनुपर्ने बताएको छ। सार्वजनिक क्षेत्रका ब्याङ्कहरूबाट १ हजार ५ सय ३७ करोड बराबरको ऋण केवल ७३ करोड रूपियाँमा समाधान गरिएको आरोप लगाइएको याचिकामा सर्वोच्च अदालतले केन्द्र सरकार, भारतीय रिजर्भ ब्याङ्क र सम्बन्धित पक्षहरूलाई सूचना जारी गरेको छ। सुनुवाइको क्रममा, अदालतको पीठले खराब सम्पत्ति समाधानको लागि अपनाइएको प्रक्रियामाथि प्रश्न उठाएको छ र सम्पत्ति पुनर्निर्माण कम्पनीहरूको कार्यप्रणालीको जाँच गर्न आवश्यक रहेको बताएको छ।

**सेबी - सुधार**

भारतीय प्रतिभूति तथा विनिमय बोर्ड (SEBI) ले बजार दक्षता बढाउन, अनुपालनलाई सहज बनाउन र नियामक ढाँचालाई सुदृढ पार्न धेरै सुधारहरूलाई मन्जुरी दिएको छ। हिजो मुम्बईमा भएको २१४ औं बोर्ड बैठकमा, सेबी- ले मृतक लगानीकर्ताहरूको शेयर कानूनी उत्तराधिकारी र दावीकर्ताहरूलाई हस्तान्तरण गर्ने प्रक्रियालाई सरलीकृत गऱ्यो ताकि तिनीहरूको हस्तान्तरणलाई सहज बनाइयोस्। यसले सानो मूल्यको दावीहरूको समाधानको लागि छिटो स्थानान्तरण प्रक्रिया लागू गर्ने निर्णय पनि गऱ्यो। सेबी बोर्डले केही अवस्थामा स्थायी खाता नम्बरको आवश्यकता हटाउने र प्रमाणीकरणलाई सहज बनाउन QR कोड-सक्षम मृत्यु प्रमाणपत्रहरू स्वीकार गर्ने निर्णय पनि गऱ्यो। बोर्डले यस वर्षको अगस्ट १ देखि संशोधित समयसीमा र कडा अनुपालन नियमहरू सहित खुला बजार शेयर खरिदहरू पुन: सुरु गर्ने कुरालाई पनि अनुमोदन गऱ्यो।

**समझौता ज्ञापन**

सडक यातायात तथा राजमार्ग मन्त्रालयले दिल्ली-एनसीआर क्षेत्रमा पुराना ट्रक र बसहरू प्रतिस्थापन गर्न महिन्द्रा एण्ड महिन्द्रा लिमिटेड र एसएमएल महिन्द्रासँग सम्झौता पत्र (एमओयू) मा हस्ताक्षर गरेको छ। मन्त्रालयले सम्झौता अन्तर्गत, मौलिक उपकरण निर्माताहरू (ओईएम) ले योजना अन्तर्गत खरिद गरिएका योग्य ट्रक र बसहरूको एक्स-शोरूम मूल्यमा ८ प्रतिशत छुट प्रदान गर्ने बताएको छ। सहभागी ओईएमहरूले प्रदान गर्ने ८ प्रतिशत छुटको अतिरिक्त, केन्द्र सरकारले पाँच वर्षको अवधिको लागि ५ प्रतिशत ब्याज अनुदान र निश्चित मासिक इन्धन भौचर प्रदान गर्नेछ। मन्त्रालयले भनेको छ, सहभागी राज्य सरकारहरूले योजना अन्तर्गत योग्य लाभार्थीहरूलाई दस वर्षको अवधिको लागि १०० प्रतिशतसम्म मोटर सवारी कर र दर्ता शुल्कमा छुट प्रदान गर्नेछन्। मन्त्रालयले भनेको छ, विद्युतीय सवारी साधनहरूको लागि, छुट उही श्रेणीको आन्तरिक दहन इन्जिन (आईसीई) सवारी साधनहरूमा लागू हुने छुट बराबर हुनेछ। यस हप्ताको सुरुमा, मन्त्रालयले योजना कार्यान्वयनको लागि अशोक लेल्याण्ड, स्विच मोबिलिटी र टाटा मोटर्ससँग समझदारी पत्रमा हस्ताक्षर गरेको थियो।

**उत्तर प्रदेश- ब्रिक्स**

उत्तर प्रदेशले ब्रिक्स देशहरूसँग व्यापार, प्रविधि र लगानी सम्बन्ध विस्तार गरिरहेको छ। राज्य सरकारले २०२५-२६ वित्त वर्षमा ब्रिक्स देशहरू र साझेदार देशहरूमा पाँच अरब 36 करोड डलर भन्दा बढीको निर्यात भएको रिपोर्ट गरेको छ। आगरामा ब्रिक्स एमएसएमई फोरमलाई सम्बोधन गर्दै सूक्ष्म, साना तथा मझौला उद्यम मन्त्री भूपेन्द्र सिंह चौधरीले उत्तर प्रदेशले विभिन्न देशहरूमा मेसिनरी, कपडा, छालाका सामान, कार्पेट र बहुमूल्य पत्थरहरू निर्यात गरिरहेको बताउनु भयो। राज्य सरकारको विज्ञप्ति अनुसार, ब्रिक्स देशहरूमा तीन अरब 94 करोड डलर अनि साझेदार देशहरूमा लगभग एक अरब 43 करोड डलर मूल्यको निर्यात गरिएको छ। आगरामा ब्रिक्स एम.एस.एमई फोरममा ब्रिक्स देशहरू र सूक्ष्म, साना तथा मझौला उद्यम क्षेत्रका प्रतिनिधिहरू उपस्थित थिए।

**फिफा- विश्वकप**

फिफा विश्वकपमा अमेरिकाले अष्ट्रेलियालाई २-० ले पराजित गर्दै नकआउट चरणमा प्रवेश गरेको छ। क्यामरुन बर्गेसको आत्मघाती गोल र एलेक्स फ्रिम्यानको हेडरले पहिलो हाफमा अमेरिकालाई २-० को अग्रता दिलायो। दुई म्याचमा दुई जितसहित, अमेरिका मेक्सिको पछि नकआउट चरणमा पुग्ने दोस्रो टोली बनेको छ। समूह चरणमा एक म्याच बाँकी रहँदा अमेरिका विश्वकपमा

छनोट भएको यो पहिलो पटक हो। आज टर्कीले समूह डी को म्याचमा बिहान ८ बजेर ३० मिनटमा पाराग्वेको सामना गर्नेछ, जबकि नेदरल्याण्ड्सले राति १० बजेर ३० मिनटमा समूह एफ को म्याचमा स्वीडेनको सामना गर्नेछ।

**<u>मुख्य समाचार        बिहान ७.२५ बजे ,दिनांक १७ /०६/२६.</u>**

१.प्रधानमंत्री नरेन्द्र मोदीले  फ्रांसमा हिज जी-7 शिखर सम्मेलनमा  एक सत्रलाई संबोधित गर्नुहुदै अंतरराष्ट्रीय साझेदारीमा  **विश्वास** को  महत्वमाथि  ज़ोर दिनु भएको छ ।

२.जी-7 शिखर सम्मेलनको  क्रममा , प्रधानमंत्री नरेंद्र मोदीले  आज अमरीकाका  राष्ट्रपति डोनाल्ड ट्रंपको  साथ बैठक गर्नुहुनेछ ।

३.यमुना नदीको पुनरुत्थानका लागि किशाउ बाँध परियोजनामा छवटा राज्यबीच सहमति भएको छ।।

**४.आगामी NEET परीक्षालाई ध्यानमा राख्दै राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले विद्यार्थी र अभिभावकहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ।**

**५.श्रीलंकामा त्रिकोणात्मक एकदिवसीय क्रिकेट शृंखलामा आज भारत ए ले अफगानिस्तान ए को सामना गर्नेछ। खेल बिहान १०:०० बजे सुरु हुनेछ।**